फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (१०) मितिः २०७५।०६।१०

## भाग-२

## फालेलुङ गाउँपालिका

# आयोजनाव्यवस्थापन सेवाखर्च (कन्टेन्जेन्सी) खर्च गर्ने सम्बन्धी कार्यविधि-२०७५

## प्रस्तावना :

स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययीताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पुँजिगत प्रकृतिको आयोजनाबाट एकमुष्ट रु २५०००००( अक्षरेपि रु पच्चिस लाख मात्र) आयोजना व्यवस्थापन सेवा खर्चका रुपमा गाउँसभाले छुट्याएको रकमको  मितव्ययी, प्रभावकारी र अनुमानयोग्य ढंगबाट खर्च गर्न यो कार्यविधि स्विकृत गरि लागु गर्न बाञ्छनीय भएकोले फालेलुङ गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. बार्षिक बजेट निर्माणको क्रममा छुट्याइएको रकम , स्विकृत शिर्षकको अधिनमा रही देहायको क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेछ ।

क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ , लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च ।

ख) समावेशी तथा सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च ।

ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, गाउँकार्यपालिका र वडा स्तरीय अनुगमन समिति वाट हुने अनुगमन र सुपरिवेक्षण, र प्राविधिकवाट हुने नापजाँच र प्रतिवेदन सम्बन्धी ।

ङ) सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय ।

च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनीक तथा प्राविधिक सेवा खर्च ।

छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यकप्राविधिकउपकरणहरु (क्यामेरा, मेजरीङ टेप लगायतका सामग्री , आवश्यक्ताभएमोटरसाइकल समेत खरिद गर्न सकिने ।

ज) गुणस्तर परीक्षणका लागिप्रयोगशाला स्थापनागर्न आवश्यकखर्च ।

झ) आयोजनासँग सम्बनिधत सामाजिक परिचालनखर्च ।

ञ) आयोजना सँग प्रत्यक्ष संलग्नहुने प्राविधिक, गाउँकार्यपालिका र वडास्तरीय अनुगमन समितिका सदस्यका लागिआवश्यक पर्ने रेनकोट, छाता लगायतका सामग्रीको खरिद र सवारी साधन द्धारा हुने अनुगमन भए इन्धन र सवारी मर्मत खर्च समेत ।

ट) आयोजनाको लागतअनुमानतयार गर्ने प्राविधिककर्मचारीकालागि फिल्ड भत्ता।

ठ) कुनै आयोजना सञ्चालनगर्नु पुर्व अर्को आयोजना पुरा गर्नु पर्ने भएमा नँया आयोजनामा समेत रकमखर्च गर्न सकिनेछ ।

३. दफा (१) सँग सम्बन्धितखर्चको विवरण अनुसुची–२बमोजिमको ढाँचामा राख्नुपर्नेछ । कन्टेन्जेन्सी खर्चका सम्पुर्ण श्रेस्ता लेखाप्रमुखले छुट्टै फायल खडा गरि राख्नुपर्नेछ ।

४. दफा (१) घ. सँग सम्बन्धितअनुगमनतथा सुपरिवेक्षण गर्ने विधि र अनुगमनतथा सुपरिवेक्षण बापतको भत्ता गाउँकार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

## अनुसुची-१
## कार्यविधिको दफा (२) सँग सम्बन्धित
## आयोजना सेवाखर्च
## बार्षिक बजेट

आ.व. ०७५/०७६

कट्टा गरिएको कुल कन्टेन्जेन्सी रकम : २५,००,०००।००

| क.सं | क्रियाकलपहरु | बार्षिक स्विकृत रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| २ | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | ३,५०,०००/- | |
| ३ | इन्धन | ३,००,०००/- | |
| ४ | विविध खर्च | १,१०,०००/- | |
| ५ | प्राविधिक फिल्ड सुविधा | ३,४०,०००| | |
| ६ | स्टेशनरी | १५००००\ | |
| ७ | अनुगमन तथा मुल्याङ्कन खर्च | ५,५०,०००| | |
| ८ | सडक हेरालु तलव भत्ता | २४००००\ | |
| ९ | सवारी मर्मत सम्भार | १,००,०००\ | |
| १० | सार्वजनिक सुनुवाई ( ३ पटक गाउँपालिकामा तथा बजेट अभाव भएका वडा कार्यालय ) | ३,६०,०००/ | |
| जम्मा | | २५,००,०००/- | |

## अनुसूची–२

## कार्यविधिको दफा (३) सँग सम्बन्धित

## आयोजनाव्यवस्थापन सेवाखर्चको लगानी र खर्च विवरण

## फालेलुङ गाउँकार्यपालिकाको कार्यालय

## प्रथम/दोश्रो/तेश्रो चौमासिक/बार्षिक

कुलपुँजिगत रकम

आ.व.

| क्र.सं | क्रियाकलपहरु | बार्षिक स्विकृत रकम | ........ ...चौमासिकखर्च | यस चौमासिक सम्मको खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |

तयार गर्ने | रुजु गर्ने | स्वीकृत गर्ने

नाम : | नाम: | नाम :

| | | |
|---|---|---|
| पदः | पद : | पद : |
| मिति : | मिति : | मिति : |

आज्ञाले

मौसम ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत